स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापाको होम प्रोडक्सनमा तयार हुन लागेको नयाँ फिल्म '३६को आँकडा' को फस्ट लुक पोस्टर सार्वजनिक भएको छ। रेखा थापा र पूजा शर्मा फिचर छन्। प्रहरी अधिकारीको भूमिकामा प्रस्तुत भएकी रेखाले पूजालाई हतकडी लगाएर नियन्त्रणमा लिएको देखिन्छ। दुई महिला पात्रबिचको द्वन्द्वलाई फिल्मको केन्द्रमा राखिएको देखिन्छ।

**आजको विचार...**



उजिरसिंह...

(दुई पेजमा)

पुष्कर अथक रेग्मी

सन् १९९१ मा रिलिज भएको बलिउड फिल्म 'साजन' का निर्देशक लरेन्स डिसुजाले हालै आफू अन्डरवर्ल्ड ग्याङ्स्टरहरूको निशानामा परेको खुलासा गरेका छन्। सलमान खान, सञ्जय दत्त र माधुरी दीक्षित अभिनीत उक्त फिल्म सुपरहिट भए पनि, डिसुजाको जीवनमा सन् २००३ मा बनाएको 'इन्डियन बाब' पछि ठूलो सङ्कट आएको उनले बताएका छन्। अमर उजालालाई दिएको अन्तर्वार्तामा डिसुजाले भने, 'त्यो समय नयाँ कार वा फ्ल्याट किन्नु पनि खतरनाक थियो।'



❒ वर्ष ३१ ❒ अंक ३१ ❒ २०८२ भदौ १ गते आइतबार 17 August 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बाढी र पहिरोको प्रकोप : ३२० को मृत्यु

(रासस/एएफपी)

**वार्सा,** साउन ३१/पाकिस्तानमा लगातारको भारी मनसुन वर्षाले निम्त्याएको बाढी र पहिरोका कारण पछिल्लो ४८ घण्टामा कम्तीमा ३२० जनाको ज्यान गएको छ । सबैभन्दा बढी क्षति खैबर पख्तुनख्वा प्रान्तमा भएको हो, जहाँ १८० जनाको मृत्यु भएको छ । पाकिस्तानअधीन कश्मीरमा नौ जना र गिलगित-बाल्टिस्तान क्षेत्रमा पाँच जनाको ज्यान गएको छ । बाढी र पहिरोका कारण महिलासहित धेरै बालबालिकाहरूको मृत्यु भएको छ । उद्धार कार्यका क्रममा मौसम खराबीका कारण प्रान्तीय सरकारको हेलिकप्टर दुर्घटना हुँदा दुई पाइलटसहित पाँच जनाले ज्यान गुमाएका छन् । सरकारले बुनर, बजौर, मानसेहरा र बट्टाग्राम जिल्ला 'विपद् प्रभावित क्षेत्र' घोषणा गरेको छ । स्थानीय बासिन्दाहरूले घटनालाई 'प्रलय' र 'प्रलयको दिन' सरह भयावह भएको बताएका छन् । पाकिस्तानको मौसम विभागले आगामी दिनमा झनै भारी वर्षा हुने चेतावनी दिँदै जोखिमयुक्त स्थानबाट टाढा रहन आग्रह गरेको छ । सरकारद्वारा शनिबारलाई शोकको दिन घोषणा गरिएको छ, जहाँ राष्ट्रिय झण्डा आधा झुकाइनेछ र मृतकहरूलाई राज्य सम्मानसहित अन्त्येष्टि गरिनेछ । जलवायु परिवर्तनका कारण पाकिस्तानमा यस्ता चरम मौसम घटनाहरू बढ्दो क्रममा छन् । यो वर्षको असामान्य मनसुनले अहिलेसम्म ५०० जनाभन्दा बढीको ज्यान लिइसकेको छ ।

# नेपालले अंग्रेजलाई युद्धमा हराएको सम्झनामा आज पाल्पामा 'विजयोत्सव' निकालिँदै

## जिल्लाभर सार्वजनिक विदा

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन ३१/नेपालले अंग्रेज फौजलाई युद्धमा हराएको विजयी स्वरुप प्रत्येक बर्ष निकालिने भगवतीको रथ सहितको सिन्दुर जात्रा आज पाल्पाको तानसेनमा निकालिँदै छ । यस वर्ष २०६ औं भगवती खट यात्राका रुपमा विजयोत्सव निकाल्न लागिएको हो ।


वि स १८७१ देखि १८७२ भएको नेपाल अँग्रेज युद्धमा पाल्पाली कमाण्डर कर्णेल उजिरसिंह थापाले अंग्रेज फौजलाई हराउन सफल भएपछि पाल्पामा हरेक वर्ष भाद्र कृष्णनवमीको दिन विजय उत्सव मनाइँदै आइएको छ । कहिँकतै नहारेको ब्रिटिस सेनालाई नेपालले युद्धमा पराजित गरी बिजय हासिल गरेको थियो । विश्वभर आफ्नो साम्राज्य विस्तारको क्रममा हिंडेको अंग्रेज फौजलाई नेपाली सेनाले पराजित गरी जितगढीबाट नै नेपाली विरताको इतिहांस रचेको थियो । पाल्पाका तत्कालीन कर्णेल उजीरसिंह थापाको नेतृत्वमा रहेको नेपाली सेनाले विरता र निडरताको साथ लडाई लडेर विजयको



झण्डा फहराएको हो । नेपालले वि.सं १८७१ पौष देखी १८७२ जेठसम्म भएको अंग्रेजसँगको युद्धमा बुटवलको जितगढी लगायतको क्षेत्रमा विजय हासिल गरेको संम्झनामा वि.स. १८७७ देखी निरन्तर रुपमा प्रत्येक बर्ष पाल्पामा विजयउत्सव मनाउने परम्परा चल्दै आएको छ । कर्णेल उजिर सिंह थापाले जितगढीमा विजय प्राप्त गरें पाल्पाको तानसेनमा भगवतीको मन्दिर स्थापना गरी सिन्दुर यात्रा गरी भगवतीको जात्रा निकाल्नेछु भनि भाकल गरेको र लडाई जितेपछि १८७६ मा भगवतीको मन्दिर निर्माण गरी भगवती जात्रा निकाल्ने परम्पराको थालनी गरेका थिए । आजको दिन बच्चाबच्ची, बूढाबूढी, युवा, युवती सबैको लागि भगवती जात्रा उत्सवमय बन्ने छ । गाउँ-गाउँबाट मेला अवलोकनका लागि विभिन्न व्यक्तिहरुले समय मिलाएर आउँदैछन् । तानसेन बजारमा फरक माहोल देखिएको छ भने मानिसहरुको चहलपहल बढ्दो छ । नेपालल अंग्रेजसँगको युद्धमा बुटवलको जितगढी लगायतको क्षेत्रमा विजय हासिल गरेको सम्झनामा वि.स. १८७७ देखि मनाउन थालिएको विजयोत्सव अहिले पनि निरन्तरता पाएको छ । प्रत्येक बर्ष पाल्पामा श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिले विजयोत्सव स्वरुप ऐतिहासिक भगवती जात्रा (रथयात्रा) निकाल्ने गरेको हो । यस वर्षको भगवती जात्राको तयारी पुरा भएको समितिका अध्यक्ष अशोक कुमार महर्जनले बताए । उनले भने " हामीले स्थानीय सरकार, जिल्लाका सरोकारवाला निकाय, यहाँ सञ्चालन हुने अन्य जात्राका व्यवस्थापकहरुसँग बसेर जात्रालाई कसरी व्यवस्थित र मर्यादित बनाउन सकिन्छ भनेर सल्लाह लिने र सोही अनुसार काम गर्ने गरेका छौं ।" ऐतिहासिक भगवतीको रथयात्राले भगवतीको महिमाको प्रचार-प्रसार र धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने विश्वास लिएको अध्यक्ष महर्जनले बताए । यस वर्षको भगवती रथयात्रामा नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, प्रधान सेनापति बलाधिकृत रथी श्री अशोकराज सिग्देल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, प्रदेशका मन्त्री, संघीय सांसद, प्रदेश सांसद लगायतका उच्च पदस्थ व्यक्तिहरुको सहभागीता रहने भगवती मन्दिर व्यवस्थापन समितिका सदस्य सचिव प्रकाशनाथ गंगोलले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

# रविलाई नख्खु कारागार स्थानान्तरण



**बुटवल,** साउन ३१/सहकारी ठगी प्रकरणमा रूपन्देही जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई शनिबार कारागार स्थानान्तरण गरिएको छ । उनलाई बुद्ध एअरको जहाज मार्फत ललितपुरस्थित नख्खु कारागार स्थानान्तरण गरिएको हो ।

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि लामिछाने गत चैत २५ देखि रुपन्देही कारगारमा थिए । कारागार स्थानान्तरणको माग गर्दै लामिछानेले गत जेठमा निवदेन दिएका थिए । अदालतले पनि कारागार सरुवाका लागि अनुमति दिएको थियो । उनको मागबमोजिम कारागार स्थानान्तरण नगरेर भैरहवामै राखिएको थियो । गृह प्रशासनले कारागार सरुवा रोकेपछि रास्वपाले संसदमै विरोध जनाएको थियो । मानव अधिकार आयोगको टोलीले केही दिन अघि कारागार अनुगमन गर्दा लामिछानेले भैरहवामा आृनो ज्यानको समेत असुरक्षा रहेको र बसाई असहज भएको बताएपछि सरकारमाथि दबाब परेको थियो । सोही अनुसार लामिछानेलाई काठमाडौं सार्न तयार भएको हो ।

# निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाउनुपर्छ : मन्त्री पाण्डे

**भैरहवा (रुपन्देही),** साउन ३१/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले निजी क्षेत्रलाई रातो कार्पेट बिछ्याएर लगानी गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालनबारे शनिबार सिद्धार्थ उद्योग वाणिज्य सै, भैरहवाले आयोजना गरेको छलफलमा मन्त्री पाण्डेले निजी क्षेत्रलाई निषेध गर्न नमिल्ने उल्लेख गरे । उनले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल जसरी सञ्चालन गर्न लागि आफू लागेको पनि उल्लेख गरे । "विमानस्थल सञ्चालनको जिम्मा पनि निजी क्षेत्रलाई दिने विषयमा छलफल भएको छ", उनले भने, "सुरक्षा, अध्यागमनलगायत विषय सरकार मातहत आउने भएकाले निजी क्षेत्रलाई आकर्षित गर्न सकिन्छ ।" मन्त्री पाण्डेले गौतमबुद्ध



अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन पर्यटनमन्त्रीको मात्रै चाहनाले सम्भव नहुने उल्लेख गर्दै सबै पक्षको सहयोग आवश्यक भएको बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओलीको निकट भविष्यमै हुने भारत भ्रमणको क्रममा हवाई रुट परमिट, नेपालका दुई विमानस्थल सञ्चालनको विषय प्राथमिकताका साथ उठाउने गरी काम भइरहेको बताए । त्यस अवसरमा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले विमानस्थल सञ्चालन हुन नसक्नु दुःखद भएको बताए । काठमाडौंमा उडान चापले हवाईमार्ग अवरुद्ध भइरहँदा विमानलाई भैहरवामा अवतरण गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए । नेपाल उद्योग वाणिज्य महासैका सदस्य राजेशकुमार अग्रवाल र सिद्धार्थ उद्योग वाणिज्य सैका निवर्तमानमा अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भैरहवा र पोखरास्थित विमानस्थल निजी क्षेत्रलाई सञ्चालन गर्न दिनुपर्ने धारणा राखे । सिद्धार्थ उद्योग वाणिज्य सैका अध्यक्ष नेत्रप्रसाद आचार्यले विमानस्थल चल्छ की चल्दैन ? भन्ने कुरा सरकारले प्रष्ट पार्न आवश्यक रहेको बताए । "हामीलाई सधैं निराशामा राख्न हुँदैन, विमानस्थल चलाउन सकिँदैन भने सक्दैनौं भन्नुपर्छ", उनले भने । विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले यात्रुलाई थप सुविधा नदिँदासम्म विमानस्थल सञ्चालनमा कठिनाइ हुने बताए । "श्रम, भिसा र म्यानपावरका लागि काठमाडौं धाउन परेपछि यहाँ यात्रु किन आउँछन ? पहिला यी समस्या समाधान गर्नुपर्छ", उनले भने । उनले यसअघि केही समय उडान भरेका जजिरा र थाई एयर एसियाले ७७ प्रतिशत यात्रु पाउँदा नियमितता दिन नसकेको जनाए । तत्कालका लागि नेपाल एयरलाइन्सबाट भए नियमित उडान गर्नुपर्नेमा उनको जोड छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## पर्यटक आकर्षण गर्ने वातावरण बनाऔं

पर्यटन व्यवसाय नेपालको प्रमुख व्यवसायमध्ये एक हो । तर कोभिड महामारीका बेला थला परेको यो व्यवसाय राम्रोसँग अझै फस्टाउन सकेको छैन । आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्ने वातावरण नबन्दा पर्यटन क्षेत्र माथि उकासिन सकेको छैन । सन् २०२० मा पर्यटक २ लाख ५० हजार आएका थिए । पछिल्लो वर्ष सन् २०२४ मा ११ लाख ४७ हजार पर्यटक नेपाल आए । नेपाल आउने पर्यटकको खर्च र बसाइ अवधिमा लामो समयदेखि सुधार समेत आउन सकेको छैन ।

राष्ट्रिय योजना आयोगले तयार पारेको सोह्रौं योजना २०८१/८२-८५/८६ मा वार्षिक पर्यटक आगमन संख्या २५ लाख पुऱ्याउने भनेको छ । यस्तै, पर्यटकको औसत बसाइ अवधि १५ दिन, प्रतिदिन औसत गर्ने खर्च ८५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखिएको छ । तर पर्यटकका लागि आकर्षण गर्ने पूर्वाधारहरू निर्माण हुन सकेका छैनन् । नेपालमा हिमाल, पहाड र तराई तीनै किसिमको भू-भाग छ । त्यति मात्र हैन यहाँ थुप्रै धार्मिक, सांस्कृतिक सम्पदाहरु समेत रहेका छन् । तर यि कुराहरु हेर्न पनि पर्यटक ल्याउन सकिएको छैन । अर्कोतिर नीति निर्माणतहमा रहेका व्यक्तिहरूको अदूरदर्शिताले गर्दा आन्तरिक तथा बाह्य दुवै प्रकारका पर्यटकले समुचित सेवा पाउन सकिरहेका छैनन् भने नेपालभित्रको आन्तरिक राजनीतिक द्वन्द्वबाहेक सिधा बाटो नपाएर पनि विदेशी पर्यटक नेपाल आउन पाइरहेका छैनन् । पर्यटकलाई आकर्षण गर्ने यस्ता तमाम काम गर्न नसकेकै कारण यहाँ आउने पर्यटकको बसाइ अवधि लम्ब्याउन नसकिएको हो । त्यसै त नेपालमा आउने पर्यटक कम खर्च गर्ने खालका छन् । त्यसमा समय लम्ब्याउन नसकेपछि उनीहरूले गर्ने खर्च पनि धेरै नहुनु स्वाभाविक हो । आगामी दिनमा बसाइ अवधि र खर्च दुवै बढाउनुको विकल्प छैन । पर्यटन क्षेत्रमा अहिले नै धेरै लगानी भएको छ । पर्यटकको बसाइ अवधि बढाउन नयाँ गन्तव्य निर्माण गर्नुपर्ने र यसका लागि थप लगानी गर्नैपर्छ ।

### Opinion @ Social Network

जीवनको हर पानामा समयको लेख हुन्छ,
जस्ले पढ्छ,उसको यात्रा विशेष हुन्छ।
(सोना थारुको फेसबुक स्टाटसबाट www.facebook.com/Sona.Tharu)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उजिरसिंह र भगवती जात्रा



**पुष्कर अथक रेग्मी**

नेपाली शब्दकोष अनुसार देवदेवीका स्थानमा निश्चित दिनमा पुजाआजा सहित मनाइने विशेष प्रकारको उत्सव यात्रालाई जात्रा भनिन्छ । पाल्पाको तानसेनमा हरेक वर्ष जनैपूर्णिमाको भोलिपल्टदेखि भाद्रकृष्ण नवमीका दिनसम्म जात्रा महोत्सव मनाइन्छ । तानसेनमा विशेषत: गाइजात्रा, रोपाइँ जात्रा, वाघजात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कृष्ण जात्रा, नारायण जात्रा र भगवती जात्रा मनाइन्छ । परम्परा अनुसार पाल्पाको तानसेनमा भाद्र कृष्ण नवमीका दिन भगवती जात्रा मनाइन्छ । तानसेनमा मनाइने ऐतिहासिक भगवती जात्रा (खटयात्रा)का विषयमा यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**उजिरसिंह थापाको परिचय :** पिता नयनसिंह थापा र माता रणकुमारीको जेष्ठ सुपुत्र उजिरसिंह थापाको जन्म वि.सं. १८५२ साल चैत्र कृष्ण प्रतिपदाको दिन भएको हो । पिता नयनसिंह थापाको निधन भएसंगै उजिरसिंह काका भिमसेन थापाको निगरानीमा हुर्केका थिए । भिमसेन थापाले यिनलाई विशेष माया गर्ने हुनाले र धनकुटा, सप्तरी, बारा र पर्सा क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरे वापत सानै उमेरमा यिनले कर्णेलको पद्वी पाएका थिए ।

**पाल्पा आगमन :** पाल्पा राज्यलाई नेपाल अधिराज्यमा विलय गराउने पाल्पाका तैनाथवाला अमरसिंह थापाको देहान्त भएपछि उनकै नाति उजिरसिंह थापा पाल्पाको तैनाथवाला भई वि.सं १८७१ आश्विनमा पाल्पा आएका थिए । उन्नीस वर्षकै कलिलो उमेर भएतापनि उनी छलियुद्धमा निपूर्ण र कार्यसम्पादनमा कुशल थिए । दश वर्षसम्म पाल्पा गौंडाको अख्तियारी समाल्दै वि.सं १८८१ मंसिर महिनामा उनको देहान्त भयो । उनीपछि भीमसेन थापाका भाइ बख्तारसिंह थापा पाल्पा गौंडाको प्रशासक भएर आए ।

**नेपाल अंग्रेज युद्ध :** वि.सं १८७१ देखि नेपाल अंग्रेजविच युद्ध शुरु भयो। अंग्रेजहरु जुन माध्यमबाट भए पनि नेपाल प्रवेश गर्न खोज्नु नै युद्धको प्रमुख कारण थियो । हिन्दुस्तान अंग्रेजको अधीनमा रहेको र त्यहाँ गर्मी बढी हुने भएकोले उनीहरु पहाडी मुलुक नेपाललाई कब्जामा लिन चाहानुको साथै तिब्बतसँग व्यापार सञ्चालन गर्न चाहन्थे । उनीहरुले एकैपटक नेपाललाई मकवानपुर, देहरादुन, लुढियान र बुटवलसहित चार क्षेत्रबाट आक्रमण गर्ने तयारीमा थिए ।

**अमरसिंह थापाद्वारा युद्धको उद्घाटन:** नेपालको तर्फबाट सकेसम्म युद्ध नगर्ने प्रयास गरिएता पनि अन्तत: वि.सं १८७१ वैशाख १० गते अंग्रेजले आक्रमण गरी बुटबल क्षेत्रलाई कब्जामा लियो । पाल्पाका तत्कालीन तैनाथवाला अमरसिंह थापाले शक्ति संचय गरी प्रत्याक्रमण गरी अंग्रेजहरुलाई बुटबलबाट गोरखपुर तर्फ धपाए । यसरी अमरसिंह थापाले पाल्पा गौडाबाट नेपालका लागि अंग्रेजमाथि विजयको समुदघाटन गरेका थिए । युद्धको तयारीमा जुट्दाजुट्दै वि.सं. १८७१ असोजमै उनको देहान्त भयो ।

**अंग्रेजको क्रियाकलाप :** अंग्रेजहरुको हार भएपछि मेजर जनरल सुलिभान उड फेरि बुटवल हुँदै पाल्पा आक्रमण गर्ने योजनामा थिए । पाल्पाबाट पलायन भएका युवराज रत्न सेन, कनकनिधि, गुरु पुरोहित भाइ भारदारहरु समेतले गुमेको पाल्पा राज्य फिर्ता पाइन्छ कि भनेर अंग्रेजलाई सुराकि दिइरहन्थे । जनरल उडले २६ कम्पनी सैनिकहरु सहित बुटवल आक्रमण गर्ने योजनामा थिए, उनीहरुले पाल्पालाई कब्जामा लिई काठमाण्डौसंग सम्पर्क विहिन बनाउने सोचमा थिए । उनीहरु आधुनिक हातहतियारले सुसज्जित थिए । उनीहरु अनेक हतकन्डा मच्चाउँदै बुटबल क्षेत्र आइपुगे ।

**उजिरसिंहको पहिलो युद्ध :** आफ्ना सैनिक पहाडी इलाकामै रहने, तत्काल कुनैपनि प्रतिक्रिया नदिने र छलियुद्ध गर्ने उजिरसिंहको नीति थियो । उनीसंग ३ हजार जति सेनाहरु थिए । कनकनिधिको गलत सूचना संप्रेषणको कारण अंग्रेजहरु नुवाकोटगढी छाडेर जितगढीतर्फ लागे जहाँ उजिरसिंहले अंग्रेजहरुलाई लज्जाजनक रुपमा हराए । अंग्रेज सेनापति मेजर जनरल उडको छातिमा समेत मट्याङ्गाले लागि चोट पुग्न गयो । अंग्रेज सेनाको ठूलो क्षति भयो उनीहरु हातहतियार छाडेर ज्यान बचाएर भागे । अंग्रेज तर्फ ५ अफिसर र २८ सिपाहीको मृत्यु भयो भने नेपाली सेनाहरु करिब ७० जना जति मारिए । उजिरसिंहका निकटम सहयोगीहरु सरदार सूर्यबहादुर थापा, कुम्मेदान कृपासुर थापा समेतले वीरगति प्राप्त गरे । "संसारलाई जित्ने अंग्रेज, अंग्रेजलाई जित्ने हामी पाल्पाली नेपाली, भगवती माताकी जय"भन्दै नेपालीहरुले जितगढीमा विजयोत्सव मनाए ।

**अंग्रेजसँगको दोश्रो युद्ध :** नेपालको पश्चिमी क्षेत्रका नालापानी, जैथक र देउथलमा भएका युछहरुमा अंग्रेजहरु विजयी भएतापनि जितगढीको युद्धमा नराम्ररी पराजित भए । वि.सं. १८७२ वैशाखको पहिलो हप्ता अंग्रेज सेना पुन: बुटवल हान्ने तयारीमा खस्यौली आइपुग्यो । उनीहरुसँग २४ कम्पनी फौज थियो र दुईसय जति घोडचढी फौज थिए । दुईवटा अठार पाउण्डर गन र चारवटा मोर्टार थिए । अंग्रेजी फौजले खस्यौलीमा गोला बर्षा गरी बुटवल दरबार ध्वस्त पारुन्जेलसम्म पनि नेपाली फौज चुप लागेर बस्यो । कुनै प्रतिक्रिया नआएकोले अंग्रेजहरु निर्धक्क तिनाउ नदी तरेर पारी जितगढीतर्फ जान लाग्दा पहाडमा लुकि बसेका उजिरसिंह सहितका वीर नेपाली सेनाहरुले छल र हान रणनीति अपनाएर अंग्रेज सेनालाई भगाएरै छाडे । यसरी दोश्रो पटक समेत उजिरसिंहले अंग्रेजसंगको युद्ध जिते ।

**सम्भाव्य तेस्रो युद्धको त्रासदी :** दुई दुई पटक अंग्रेजलाई परास्त गरेतापनि नेपाली सेनामा फेरी पनि युद्ध हुन्छ कि भन्ने त्रासदि कायमै रहन गयो । किनकि ठूलो संख्यामा रहेका अंग्रेजहरु लाई छलकपट र भयको आधारमा लखेटेर पठाइएको हो भन्ने कुरा उजिर सिंहलाई प्रष्टै थाहा थियो । उनी दोभान क्षेत्रमा अखडा जमाएर पूर्व तयारीका साथ बसेका थिए । नेपाल र अंग्रेजविच सुगौली सन्धि भएपछि सम्पूर्ण युद्धको समाप्ति भयो ।

**युद्ध जित्नुको कारण :** बुटवललाई कब्जामा लिएता पनि पहाडी लडाइको ज्ञान तथा अनुभव नहुनु, कनकनिधि र जनरल उड बिचको आक्रमण सम्बन्धी योजनामा मेल नखानु, उजिरसिंहको युवा जोश र युद्धकलालाई अंग्रेजहरुले सही आंकलन गर्न नसक्नुको करणले नै अंग्रेजहरुको हार र नेपालीहरुको जित भएको थियो । यसका साथै पाल्पा तानसेनस्थित भगवती माताको आशिर्वाद प्राप्त भएकोले समेत युद्ध जितिएको भन्ने उजिरसिंहलाई पूर्ण विश्वास थियो । अंग्रेजहरुको झण्डै दुईवर्षसम्मको युद्धमा नेपालले हार व्यहोर्नु परेको भएतापनि पाल्पा तथा पाल्पाली समेतको यस विजयले नेपाली गौरवलाई सदियौसम्म जिवन्त र वीर गोर्खाली भनी नाम राख्न ऐतिहासिक रुपमै मद्दत गरेको छ ।

**भगवती जात्राको शुभारम्भ :** नेपालमा विशेषत: वार्षिक रुपमा श्रावण-भाद्र महिनामा जात्रा मनाउने चलन छ । गाईजात्रा, रोपाईजात्रा, बाघजात्रा पाल्पा तानसेनका प्रचलित जात्राहरु हुन् । भाद्र कृष्ण नवमीका दिन मनाइने भगवती जात्रा ऐतिहासिक राष्ट्रिय गौरव बोकेको जात्रा हो। यो जात्रा चलाउने चलन कर्णेल उजिरसिंह थापाको पालादेखि भएको हो । उजिरसिंहको बाल्यकाल काठमाण्डौ उपत्यकामा बित्यो। त्यहाँ उनले वर्षेनी इन्द्रजात्रा, कुमारीजात्रा, मचिन्द्रनाथको रथजात्रा हेर्ने अवसर पाइरहे । ती जात्राहरुबाट प्रभावित भएर नै उनले पाल्पामा पनि भगवती जात्रा मनाउने चलनको शुरुवात गराए । भगवती जात्रा मनाउँदै गरेको केही समयपछि नारायण जात्रा समेत निकाल्ने परम्परा बस्यो । यसपछि क्रमश: भीमसेन, गणेश र भैरवका जात्राहरु समेत निकालियो । सेन वंशीय राजाहरुको इष्टदेवी भगवती हुन् । भगवतीको अर्को रुप विन्ध्यवासिनी अर्थात् योगमाया हो । योगमाया भगवान श्रीकृष्णकी बहिनी हुन् । श्रीकृष्णको जन्म भाद्र कृष्ण अष्टमीका दिन भएको हुँदा यसैलाई ध्यानमा राखी औपचारिक रुपमा वि.सं १८७७ सालदेखि भगवती जात्रा मनाउन लागिएको हो । वि.सं १८७१ मा अंग्रेजहरुले नेपाल विरुद्ध युद्धको घोषणा गरेपछि पाल्पा गौडाका तैनाथवाला उजिरसिंह थापाले भगवती मातासँग युद्धमा विजय हुने आर्शिवाद माग गरे । युद्धमा विजयी भएमा भगवतीको ठूलो मानमनितो गर्ने, सहकारी तरवले सलामी अर्पण गर्ने, सिन्दुरे जात्रा गर्ने, कलात्मक मन्दिर निर्माण गर्ने भनी भाकल गरे । बुटवल क्षेत्रको युद्धमा दुई-दुई पटक उजिरसिंह थापाले अंग्रेजहरुलाई लडाई हराए । जितगढीको युद्धमा संसार जित्ने अंग्रेजहरुको पाल्पाली सेनासंग नराम्ररी पराजय भयो । उजिरसिंहको भाकल पूरा भयो र उनले रणउजिरेश्वरी भगवती माताको नामाकरण गरी विधिवत रुपमा भगवतीको पूजा अर्चना गरी हरेक वर्ष भव्य, सभ्य र दिव्य रुपमा जात्रा निकाल्ने परम्परा बसाए । कलात्मक मन्दिरमा अष्टधातुको मूर्ति प्रतिष्ठापित गरेसंगै भगवतीको नित्य पूजाका लागि पूजारीका रुपमा पाटनबाट चन्द्रमुनि बज्राचार्य र गुठी व्यवस्थापनका लागि भक्तपुरवाट सुक्तमान बौद्धाचार्यलाई तानसेनमा झिकाए । पाल्पा तानसेनको सेरोफेरोमा गुठी सञ्चालकको लागि ३१७ मुरी धान उब्जने खेतको समेत व्यवस्थापन गरिदिए । वि. सं १९९० सालको महाभुकम्पको कारण यो मन्दिर भत्किएपछि वि. सं १९९९ सालमा यसको पुन: जिर्णोद्धार भएको हो । वि. स. २०३१ सालमा ढुङ्गे स्लेटको छाना लगाई दुईतले मन्दिर निर्माण भएको हो ।

**नेपाली सेना/गणको कार्य :** नेपाली सेनाको गोरखदल गणले गणपति प्रमुख सेनानी श्री कृष्णबहादुर जिसीको कार्यकालमा जीतगढीको लडाइको सम्झनामा नेपालीको वीरता र धीरतालाई उत्कीर्ण गरी भगवती मन्दिरको प्राङ्गणमा विजयी स्तम्भ निर्माण गरेको छ । यसैगरी श्री चण्डीप्रसाद गणले गणपति प्रमुख सेनानी श्री दीर्घबहादुर चन्दको कार्यकालमा उजिरसिंहको वीरगाथालाई जीवन्त राख्न पाल्पा उद्योग वाणिज्य संघको सहकार्यमा तानसेन टुडिखेलको पूर्वी कुनामा कर्णेल उजिरसिंह थापाको पूर्ण कदको शालिक निर्माण गरेको छ ।

**भगवती जात्रा/मन्दिरको महत्व:** पाल्पा तानसेनमा रहेकी रणउजिरेश्वरी भगवती शक्तिकी केन्द्र हुन् । जसलाई जगाउन वैदिक नियमपूर्वक आह्वान गर्नुपर्ने हुन्छ । संसारलाई जित्ने अंग्रेज तर अंग्रेजलाई जित्ने पाल्पाली भनेर इतिहासमा लेखिदै आएको छ । कठोर साधना, अनुशासन र आचार संहिता पालना गर्नाले सफलता मिल्दछ भन्ने सन्देस समेत यस मन्दिर र जात्राले दिएको छ । शक्ति केन्द्रहरुले पनि श्रद्धा र आदर भाव सहित विश्वास गरी आराधना गर्ने संस्कार बसालेर माया र सत्यताको शिक्षा दिन खोजेको पाइन्छ । ईश्वर सर्वव्यापी छ, जब जिवित प्राणी अप्ठेरोमा पर्छन् तब त्यो प्राणीले सबै कुरा विर्सी अदृश्य शक्तिसंग भावनात्मक सम्बन्ध राखि प्रार्थना गर्छन् र भाकल पूरा गर्छन् । आराधना गर्नेकै अगाडि दैवीशक्ति उपस्थित हुन्छ भन्ने सत्य तथ्य उजिरसिंह/भगवती मन्दिर/जात्राबाट प्रमाणित हुन्छ । नेपाली तले शैलीमा निर्मित यो मन्दिरमा उजिरसिंह थापाको उचाई बराबरकै गजूर छ ।

*-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : चिताएका काम सम्पादन हुनेछन्। शुभचिन्तकहरूबाट सहयोग मिल्नेछ। | **तुला** : कार्यक्षेत्रमा सहयोगीहरूबाट सहयोग पाइनेछ। यात्रा रमाइलो रहनेछ। |
| **वृष** : छरछिमेकीसँग मनमुटाव सुल्झिनेछ। विदेशबाट शुभ सूचना मिल्नेछ। | **वृश्चिक** : कानुनी पक्ष सबल रहनेछ। लगनशीलताले शत्रुहरू हार खानेछन्। |
| **मिथुन** : आर्थिक पक्ष सबल रहनेछ। हाथ आएको काममा आलस्य नदेखाउनुहोस्। | **धनु** :प्रेम सम्बन्ध सुमधुर रहनेछ। शिक्षाको क्षेत्रमा प्रगति हुनेछ। |
| **कर्कट** : नयाँ कुरा सिक्ने अवसर रहेको छ। पेशामा अधिकारी वर्गहरूबाट प्रशंसा पाइएला। | **मकर** : असमझदारी बढ्न सक्छ। पहिलाका कामबाट लाभ उठाउन सकिनेछ। |
| **सिंह** : नयाँ परिबन्ध स्थापित गर्न सकिनेछ। सुन्दर उपहारले मन रमाउनेछ। | **कुम्भ** : अँटिका कार्यमा सफलता मिल्नेछ। पशुपालनबाट लाभाजन गर्न सकिएला। |
| **कन्या** : व्यापार व्यवसायमा प्रगति हुनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। | **मीन** : सञ्चित धनमा वृद्धि हुनेछ। प्रभावशाली व्यक्तित्व निर्माण गर्न सकिनेछ। |

# कृषि

# तिलोत्तमामा एकीकृत अर्ग्यानिक कृषि





तिलोत्तमा वडा नं. १० का घनसिंह पुन विगत ४ वर्षदेखि आफ्नै करेसाबारीमा तरकारी उत्पादन गर्छन् । उनलाई बजारबाट तरकारी किन्नु परेको छैन । घरकै उत्पादन उनलाई पर्याप्त छ । उद्यमशील टोलका संस्थापक अध्यक्ष समेत रहेका उनले बोईलर कुखुरा खान छोडेको ६-७ वर्ष भइसकेको छ । 'हामी आफ्नो स्वास्थ्यप्रति आफै सचेत हुनुपर्छ,' उनले भने । उनले घरमा ह्वाईट पेकिङ जातको हाँस पनि पाल्नु भएको छ । बिरामी भएर धेरै खर्च गर्नभन्दा अर्ग्यानिक खानपिन गर्दा राम्रो हुने उहाको तर्क छ । 'स्वास्थ्य खाने कुरामा हामी चासो दिँदैनौ तर बिरामी हुँदा लाखौं खर्च गर्न तयार छौँ,'- पुनले भने । बजारमा विषादी भएको तरकारी बढी हुने भएकोले आफै उत्पादन गर्न थालेको उनको भनाई छ । अर्ग्यानिक तरकारीसँगै हाँस पनि पालेका उनि अर्ग्यानिक खानेकुरा खान जोड दिन्छन् । टोलको नारा 'अगाडि फूलबारी, प्रत्येक घरको पछाडि करेसाबारी र हरेक घरमा मौरी घार' लाई आत्मसात् गर्दै अभियानका रूपमा लागेको उनको भनाई छ । यसमा स्थानीय पालिकाको सहयोग छ । यो ठाउँलाई अर्ग्यानिक क्षेत्रका रूपमा घोषणा गर्ने लक्ष्य रहेको पुनको भनाई छ । उनि मात्र होइन तिलोत्तमा वडा नं. १० का राम बहादुर पुनको पनि आफ्नै करेसाबारी छ । करेसाबारीमा लहरे बालीहरू लगाउन्छन् । उत्पादन भएका तरकारी उपभोग गर्छन् । बचेको उत्पादन बजारमा बिक्री हुन्छ । खोरमा ६० वटा हाँस छन् । उनिको धान गोड्ने काम यिनै हाँसले गर्छ । 'धान रोप्नु अघि नै चल्ला राख्छौं र धान बढ्दै जाँदा एक महिनाभित्र चल्ला खेतमा छोड्छौ,'- उनले भने । पछिल्लो ४ वर्षदेखि उनि नियमित हाँस पाल्दै आएको बताए । हाँसले उनिको खेतमा गोडमेल गर्ने हुँदा उत्पादन लागत कम गराएको छ भने अर्कोतर्फ हाँसलाई दाना कम दिए पुग्ने हुँदा उनलाई दोहोरो फाइदा मिलेको छ । खेतमा पानी राम्ररी लागेको बेला हाँसले नै सबै झार हटाउने र किराफट्यांग्रा खाने हुँदा धानको गाज राम्रो हुन्छ । हाँसलाई बिहान/साँझ १ घण्टा समय दिन्छन् । वर्षाको बेलामा केही समय बाहेक उनि बजारबाट तरकारी किन्दैनन् । तिलोत्तमा नगरपालिकामा इनोभेसन कृषि फर्म, तिलोत्तमा-१० ले उद्यमशील टोलबाट सुरु गरेको यो अभियान बिस्तारै अन्य वडामा विस्तार भइरहेको छ । धान खेत र करेसाबारीलाई एकीकृत कृषि मोडलमा परिणत गर्दै हाँस पालन, तरकारी खेती र खाद्य सुरक्षालाई जोड्ने उद्देश्यका साथ कार्यक्रम सुरु गरिएको फर्मका अध्यक्ष विष्णु कँडेलले बताए । कम लागतमा गुणस्तरसहितको उच्च उत्पादन हुने हुँदा यो धेरै उपयोगी भएको उनको भनाई छ । माटो सुधार गर्न सकिने उपयुक्त विधि र नियमित रेगुलर आयको पाटोका रूपमा लिन सकिने उनिको तर्क छ । वडा नं. १० र १७ मा हाल न्यूनतम २५ देखि १५० वटा हाँससम्म पालिएका करिब २०५ घरधुरी छन् । उत्पादन सुरु भइसकेको र थप बिस्तार हुने सम्भावना प्रबल देखिएको छ । अभियानका अगुवा तथा लुम्बिनी प्रदेश योजना आयोगका पुर्व सदस्य डा. दामोदर भुसालले बङ्गलादेशमा हाँस पालनबाट भएको आर्थिक क्रान्तिको उदाहरण दिँदै यो नेपालमा पनि सम्भव रहेको बताए । 'एकीकृत कृषि प्रणाली जुन अर्ग्यानिक खेती हो यसको सुरुवात रुपन्देहीमा भएको छ,'-उनले भने । धानसँगै हाँस पालन गर्दा धानको उत्पादन लागत र हाँस पालनको उत्पादन लागत कम हुने उनिको तर्क छ । 'यसबाट बहु उपयोगी र बहुपक्षीय फाइदा लिन सकिन्छ,'- उनले भने । सामान्यत: एक किसानले २५ वटा हाँस पाल्दा ३ महिनामा करिब ८ हजार रुपैयाँ खर्च हुन्छ । जसबाट न्यूनतम २५ हजार आम्दानी गर्न सक्छन् । 'दुई धुर जमिनलाई बारेर न्यून लगानीमा उच्च उत्पादन सम्भव छ,'- डा भुसालले भने । बजारमा अर्ग्यानिक खाद्यान्नको माग बढी छ । यस्तोमा सस्तो अर्ग्यानिक उत्पादन गर्ने यो प्रणाली जोड्न सके फाइदा मिल्ने देखिन्छ । बि.सं. २०५७ सालमा युएसआईडिको अभियान स्वरूप चितवनमा यो प्रणाली सुरु गरिएको डा भुसालले बताए । हाँसलाई बहु बालीसँग जोडेर पाल्ने विषयमा अनुसन्धान नै नेपाल सरकारको प्राथमिकतामा नपरेको उनिको दुखेसो छ । सरकारबाट ह्याचरी केन्द्र स्थापना र पेलेट फिड मेशिन जडानमा सहयोग गरे यसबाट किसानलाई लागत घटाउन मद्दत मिल्ने डा भुसालको तर्क छ । देशभित्रै युवाहरूलाई "पढ्दै कमाउँदै" र "कमाउँदै पढ्दै" मोडेल र ज्येष्ठ नागरिकहरूले पाउने भत्ताको रकमलाई उपयोग गर्दै हाँस पालनमा आकर्षित गरेर आयआर्जनमा जोड्ने योजना बनाउन भुसालको सुझाव छ । रुपन्देहीको तिलोत्तमा नगरपालिकाका दुई वडामा २०५ भन्दा बढी घरधुरीले हाँस पालनसँगै करेसाबारीबाट तरकारी उत्पादन गर्दै आएका छन् । तिलोत्तमाले कृषिमा आधुनिक प्रविधि र मेसिनरीको प्रयोगलाई प्रोत्साहन गर्ने नीति बनाएको छ। यसले कृषकहरूको उत्पादन क्षमता बढाउन सहयोग पुर्याउन मद्दत पुग्ने र सिँचाइ सुविधा सुधार, मल र बीउको गुणस्तर सुधार गरी उच्च उत्पादन सुनिश्चित गर्ने निति रहेको पालिकाले जनाएको छ । *-रासस*

# ड्रागन फ्रुट खेतीतर्फ आकर्षित हुँदै किसान



मकवानपुरका किसान पछिल्लो समय ड्रागन फ्रुटको व्यावसायिक खेतीतर्फ आकर्षित हुँदै गएका छन् । उत्पादन क्षमता, राम्रो आम्दानी र बजारमा बढ्दो मागले गर्दा कृषकहरू यस खेतीतर्फ उन्मुख भएका हुन् । पदमपोखरीका कृषक फेन्चु लामाले १ बिघा क्षेत्रफलमा ड्रागन फ्रुट खेती गर्दै आएका छन् । उनले रेड साइन र सी भेराइटी अमेरिकन ब्युटी र सेतो प्रजाति गरी चार जातका ड्रागन फ्रुट लगाएका छन् । यसको आयु झन्डै १५ वर्षसम्म रहने गर्दछ । ड्रागन फ्रुटको मुख्य माग वैशाखदेखि कात्तिक महिनासम्म रहने भएपनि वर्षभर नै उत्पादन सम्भव हुने भएकाले बजार सधैँजसो कायम रहने लामाको भनाई छ । लामाले आफ्नो फार्ममा दुई विधि टेलिसिस्टम र पोलिङ सिस्टमको प्रयोग गरेका छन् । टेलिसिस्टममा बढी स्याहार-सुसार आवश्यक पर्छ भने पोलिङ प्रणाली तुलनात्मक रूपमा सजिलो र व्यवहारिक मानिन्छ ।

बोटहरू पोल टु पोल ३ मिटरको दूरीमा र ड्याङ ४ मिटर फराकिलो बनाएर रोप्नुपर्ने लामाले बताए । उक्त खेतीबाट उत्पादन हुने ड्रागन फ्रुट साइजअनुसार फरक मूल्यमा विक्री हुँदै आएको छ । ठूलो साइजको प्रतिकिलो ३ सय ५० रुपैयाँ र सानो साइजको ३ सय रुपैयाँमा विक्री हुने गरेको लामा बताउँछन् । एउटा बिरुवाबाट वार्षिक औसत २ किलोसम्म फल फल्ने गर्दछ । जुन हरेक वर्ष क्रमश: बढ्दै जान्छ । हाल एउटा पोलमा बिरुवा उत्पादन गर्न करिव २५ सय रुपैयाँ खर्च लाग्ने गरेको र यसअघि एक पोलमा बिरुवा राख्न करिव ४ हजार रुपैयाँ लागत लाग्थ्यो । तर अहिले १०० रुपैयाँमै बिरुवा पाइने भएकाले लागत घटेको लामाको भनाइ छ । लामाले हालसम्म २ हजार किलो ड्रागन फ्रुट उत्पादन गरिसकेका छन् । आगामी वर्षहरूमा वार्षिक ५ हजार किलो उत्पादन गर्ने लक्ष्य रहेको उनले जानकारी दिए । हाल १ किलो ड्रागन फ्रुट उत्पादनमा करिव २५० रुपैयाँ लागत पर्ने अनुमान गरिएको छ । बैंकबाट ऋण लिएर किस्ताबन्दीमा तिर्दै आएका लामा वार्षिक झन्डै ३० लाख रुपैयाँ आम्दानी गरिरहेका छन् । सम्पूर्ण खर्च कटाएर र ऋण किस्ता तिरेपछि वार्षिक ५ देखि १० लाख रुपैयाँ नाफा हुने गरेको उनी बताउँछन् । लामाले आफ्नो फार्मलाई अनुसन्धान केद्रका रूपमा पनि उपयोग गरिरहेका छन् । कृषि क्षेत्रमा नयाँ पुस्ताको सहभागिता बढाउने उद्देश्यले फार्मलाई भविष्यमा उद्योगका रूपमा विस्तार गर्ने योजना रहेको उनको भनाइ छ । तर ड्रागन फ्रुट खेतीमा केही चुनौतीहरू पनि छन् । बढी वर्षा भएमा फंगल डिजिज (ढुसी रोग) देखिने, कमिला लाग्ने र बिरुवा कुहिने समस्या देखिने भएकाले विशेष सावधानी आवश्यक हुने लामाले बताए । स्थानीय सरकार विशेषत: हेटौंडा उपमहानगरपालिकाले लामालाई सिंचाईको लागि पानीको व्यवस्था, टनेल निर्माण तथा पांगारिक मलमा सहयोग गरेको छ । साथै, कृषि एम्बुलेन्सको पनि व्यवस्था गरिएको छ । हाल मकवानपुर जिल्लामा झन्डै एक सय जना कृषक ड्रागन फ्रुट खेतीमा संलग्न छन् । राजधानी काठमाडौं लगायत अन्य शहरहरूमा यसको माग उच्च भएकोले किसानहरूमा अझ उत्साह बढेको देखिन्छ । देशमा सम्भावना छैन भनेर बिदेसिने युवाहरूका लागि लामा प्रेरणादायी उदाहरण बनेका छन् । अरूको देशका लागि आफ्नो श्रम खर्चिनुभन्दा आफ्नै देशमा मेहनत गरेर समृद्धि हासिल गर्न सकिन्छ, भन्ने धारणा राख्ने लामाले गणितमा स्नातकोत्तर गरेर शिक्षण पेसाबाट सुरुवात गरेका थिए । पछि भेटेरिनरी अध्ययन गरेपछि कृषि क्षेत्रमा लागेका उनी श्रीमतीसँगै फार्म सञ्चालन गरिरहेका छन् । श्रीमती कृषि जेटिए रहेकी छन् भने फार्ममा थप ४ जना कर्मचारी कार्यरत छन् ।

*-रातोपाटी डटकम*

# पकेट क्षेत्रमा आलु उत्पादन घट्यो



आलु उत्पादनको पकेट क्षेत्र म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ नाँगी, राम्चे, काफलडाँडामा आलु उत्पादन घटेको छ । उत्पादन घटेपछि माग धान्न गाह्रो भएको छ । चिसो हावापानीमा उत्पादन हुने यहाँको आलु स्वादिलो र पौष्टिक हुने भएकाले सहरी क्षेत्रमा माग राम्रो छ । वडामा निर्यात हुने खाद्यबालीका रुपमा आलुखेतीलाई लिने गरिएको छ । केही वर्षअघिसम्म गाउँमा आलुखेतीबाट किसानले राम्रो आम्दानी गरे पनि अहिले उत्पादन घटेपछि माग धान्न नसक्ने अवस्था आएको नाँगीकी किसान तथा अन्नपूर्ण गाउँपालिकाका सदस्य राममाया पुनले बताए । "गाउँका अधिकांशले व्यावसायिक आलुखेती गदै आएका छन्, अघिल्लो वर्ष आलु बिक्री गरेर रु एक लाखसम्म कमाउने धेरै किसान थिए, यो वर्ष उत्पादन सोचेजस्तो भएको छैन, माग धेरै आएको छ, स्थानीय बजारमै धेरै आलु खपत हुने सम्भावना छ", उनले भने । यस वर्ष आलुखेती लगाउने र गोडमेल गर्ने समयमा वर्षा नभएको र खडेरीका कारण उत्पादनमा गिरावट आएको उनको भनाइ छ । सिँचाइको वैकल्पिक स्रोत र प्रबन्धन भएकाले आकासे पानीका भरमा आलुखेती गर्नुपर्दा खडेरीको समयमा किसानले दु:ख र परिश्रमअनुसारको फल पाउन सकेका छैनन् । परम्परागत रुपमा लेकाली क्षेत्रमा उत्पादन भएको आलु कोसेलीका रुपमा दिने पनि चलन छ । धेरै उत्पादन गर्नेले बेँसीमा उत्पादन हुने धान, चामलसँग आलु सटही गर्ने गर्थे । गाउँगाउँमा यातायातको पहुँच बढेपछि मात्रै लेकाली क्षेत्रमा उत्पादन भएको आलुले बजार पाउन थालेको हो । पहिले गाउँमा उत्पादन भएको आलु धेरै भएर गाईभैँसीलाई पकाएर खुवाउने चलन रहेकामा गाउँमा गाडीको सुविधा भित्रिएसँगै आलु बिक्री हुन थालेको नाँगीका स्थानीय चन्द्रबहादुर खोरजाले बताए । गत वर्ष १० मुरी आलु बिक्री गरेका खोरजाले यस वर्ष आलु उत्पादन घटेकाले आफन्तलाई कोसेली पठाउने र घरमा उपभोगमा मात्रै सकिने भएकाले बिक्री गर्न नपुग्ने बताए । नाँगीमा उत्पादन भएको आलु गाउँबाटै प्रतिकिलो रु ४५ मा बिक्री हुने गरेको छभने बजारमा प्रतिकिलो रु ८० देखि १०० सम्ममा बिक्री हुने गरेको छ । गाउँमा रातो, जनकदेव र रैथाने जातको आलुखेती हुन्छ । राम्चेका स्थानीय कृषक ओमबहादुर पुर्जाले बीउको प्रशोधन नगर्ने, खडेरी पर्ने र बाहिरबाट लगेको बीउमा रोगकीरा भित्रिएपछि त्यसको असर आलु उत्पादनमा देखिएको बताए । यस जिल्लाबाट वार्षिक रु १० करोड बराबरको आलु, कुष्मा, बागलुङ, पोखरा, काठमाडौंलगायत बजारमा बिक्री हुने गरेको छ । कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्थानीय तहलगायतले जिल्लामा आलुखेती विस्तारमा सहयोग गर्दै आएका छन् । म्याग्दीमा एक हजार ८२० हेक्टर जमिनमा आलु खेती हुने गरेको छ ।

*-इहिमालय टाइम्स डटकम*

# उजिरसिंह र भगवती...

...मूर्ति महिषासुर मर्दिनीको वर्णनमा आधारित रहेको छ । तान्त्रिक विधिभित्र लुकेका दार्शनिक पक्षहरु थुप्रै छन् । वास्तुकला, धातुकला र सांस्कृतिक विकासमा समेत उल्लेखनीय योगदान रहेको छ । तान्त्रिक विधिभित्र लुकेका दार्शनिक पक्षहरु थुप्रै छन् । वास्तुकला, धातुकला र सांस्कृतिक विकासमा समेत उल्लेखनीय योगदान रहेको छ । समस्त नेपाल र नेपालीको ऐतिहासिक विजयोत्वको रुपमा दुई शताब्दी अघिदेखि निरन्तर भगवतीको पूजा र जात्रा निकाल्ने परम्परा अधावधि रहँदै आएको छ । नेपाली सेनाद्वारा सलामी अर्पण गरेपछि सम्पूर्ण सरकारी, गैर सरकारी, संस्था अगुवाहरु एवं सम्पूर्ण सर्वसाधारण समेत भइ हरेक वर्ष अति उच्च सम्मानका साथ रणउजिरेश्वरी भगवतीको रथयात्रा निकालेर बजार परिक्रमा गराईन्छ । जसले नेपालीहरुको वीर गाथा संसारभर फैलाउँदै नेपाली राष्ट्रियता र संस्कृतिको जगेर्ना गर्नमा महत्वपूर्ण योगदान पुरह्याउँदै आएको छ ।

**समापन :** हरेक वर्ष भव्य, सभ्य, र दिव्य रुपमा मनाइने भगवती जात्रा र नियमित पुजा व्यवस्थापनका लागि कार्यसम्पादन गर्न मन्दिर व्यवस्थापन समितिलाई निकैने चुनौतिपूर्ण रहेको छ । यसका लागि सबैको यथासक्य सहयोगको खाँचो छ । जारा र पर्व भनेको हाम्रो संस्कृति हो । संस्कृति भनेको मान्छेले पालना गर्दा गर्दै विकसित भएर मान्य रुपमा स्थापित उच्च अस्तित्व हो । अस्तित्वको रक्षा गर्न सकेमा मात्र कुनै पनि व्यक्ति, समाज र राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमै ख्याति कमाउन सक्दछ । अत: राम्रा र असल गुणहरुको अद्रिकार गर्न हामीले हाम्रा अग्रजहरुबाट सिकौं र सन्तति पुस्ताहरुलाई सिकाऔं । जसबाट समाजमा स्वच्छ सभ्यताको विकास हुन्छ । सभ्यताको विकास हुनु नै संस्कृतिको संरक्षण र संवर्द्धन हुनु हो । अन्त्यमा तानसेनमा रहेकी रणउजिरेश्वरी भगवती शक्तिकी केन्द्र हुन् । जसलाई वैदिक नियमपूर्वक आव्हान गरी जगाएर आर्शिवाद लिन सकियो भने समग्र मुलुककै कल्याण हुनेछ । समग्रमा भन्नु पर्दा पाल्पाको भगवती जात्रालाई राष्ट्रिय गौरवको रुपमा लिइएको छ । यद्यपी अंग्रेजसँग लड्ने चार वीर योद्धाहरु भक्ति थापा, अमरसिंह चापा, बलभद्र कुंवर, उजिरसिंह थापा मध्ये राज्यले उजिरसिंह बाहेक अन्य तीन योद्धालाई राष्ट्रिय विभूति घोषणा गरेको छ । तर जून-जुन स्थानमा ती विभूतिहरुले युद्ध गरेको थिए, ती स्थानमा नेपालीहरुको हार भएको थियो भने कतैको भु-भाग जितेर पनि गुमाउनु परेको थियो । जितगढीमा मात्र नेपालीहरुले अंग्रेजहरुलाई जितेका थिए । यति हुँदा हुँदै पनि उजिरसिंह थापालाई राष्ट्रिय विभूतिको रुपमा किन मानिएन ? यो गम्भीर प्रश्नको रुपमा रहिरहेको छ । राज्यले वीर उजिरसिंह थापालाई राष्ट्रिय विभूति र भगवती जात्रा (खटयात्रा) लाई राष्ट्रिय पर्वको रूपमा शीघ्र घोषणा गरोस् ! ( **साभार: अनुस्मृति** )

***( रेग्मी पाल्पाका स्थापित साहित्यकार र पाल्पाको इतिहास, संस्कृति तथा सम्पदाको पक्षमा कलम चलाउने लेखक हुन् )***

# पाल्पामा पनि मनाइयो श्रीकृष्ण जन्माष्टमी पर्व

कृष्ण पोखरेल

**पाल्पा,** साउन ३१/प्रत्येक वर्ष भाद्र कृष्ण अष्टमीका दिन मनाइने 'श्रीकृष्ण जन्माष्टमी' पर्व शनिबार वैदिक सनातन धर्मावलम्बीले देशभर भगवान् श्रीकृष्णको विधिअनुसार पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाएका छन् । पाल्पामा पनि भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नुका साथै 'व्रत'सहित रातभर जाग्राम बसेर यो पर्व मनाइएको छ ।



श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा पाल्पाका कृष्ण मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । विहानैदेखी भक्तजनहरु श्रीकृष्ण मन्दिरमा पुगी पुजा आजा जप ध्यान भजन कृतन गरेका छन् । द्वापर युगमा पृथ्वीमा कंश जस्ता राक्षसहरुको अन्याय अत्याचार बढ्दै गएपछि भगवान विष्णुले यस दिन श्रीकृष्णको रुपमा जन्म लिई सत कर्म गर्ने देवताहरुको लागि न्याय दिलाएको दुसकर्म गर्ने राक्षसहरुको नास गरेको धार्मिक विश्वास रहँदै आएको छ । भगवान श्रीकृष्णको जन्मदिनको अवसरमा भक्तजनहरु विहानै नदी, तलाउ, कुवा, धारामा स्नान गरी चोखा बस्त्र लगाएर उपवास बसी भगवान श्रीकृष्णको ध्यान गर्दै बर्त बसेका थिए । श्रीकृष्ण जन्माष्टमीको अवसरमा तानसेनको कैलाशनगर, भालेवास, मखनटोल, ताहुँको रम्भापानी लगायत पाल्पाका विभिन्न कृष्ण मन्दिरहरुमा पुजाआजा भजन कृतन गर्नेहरुको भिडभाड लागेको थियो । यसैगरी अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ स्कन पाल्पाले श्रीकृष्ण जन्माष्टमीको अवसरमा भजन कृर्तन आरती, श्रीकृष्ण प्रवचन, श्रीकृष्ण लिला सम्बन्धी नाटक र भक्तजनहरुलाई प्रसाद वितरण कार्यक्रमको आयोजना गर्‍यो । भगवान श्रीकृष्णको महिमा गाउने बर्त बस्ने उपवास बस्ने भक्तजनहरुको अञ्जानमा गरेको पापहरुको क्षमा हुने यस जन्म सुख शान्ती प्राप्त हुने, स्वर्गारोहरण पछी आत्माले बैकुण्ठमा बास पाउने धार्मिक विश्वास रहँदै आएको छ । यसै गरी राधा माधव समिति पाल्पाले पनि कृष्णजन्माष्टमीको अवसरमा भजन कृतन गर्दै पुजा आजा गरेका छन् ।

# पाल्पा विकास केन्द्रले मनायो १५ औं साधारण सभा

**पाल्पा,** साउन ३१/मिडिया विकास र नीतिगत बहस तथा अध्ययन अनुसन्धानको क्षेत्रमा काम गर्दै आएको पाल्पा विकास केन्द्रले १५ औं वार्षिक साधारण सभा मनाएको छ । केन्द्रले शुक्रबार तानसेनमा एक औपचारिक कार्यक्रम गरी वार्षिक साधारण सभा गरेको हो ।



सभाको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख श्रेष्ठले पाल्पा विकास केन्द्रले मिडियाको विकास, सुशासन र नीतिगत पैरवीको विषयमा खेलेको भूमिका अत्यन्त प्रशसंनिय रहेको बताए । उनले स्थानीय सरकारले गर्नुपर्ने काम एउटा गैरसरकारी संस्थाले गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा संस्थासँग सहकार्य गरेर जाने उल्लेख गरे । नगर प्रमुख श्रेष्ठले भने "सरकारलाई नै हल्लाउन सक्ने ल्यागत मिडियामा हुन्छ । त्यही मिडियालाई सशक्त बनाउने र सत्य तथ्य सूचना पहिल्याउनका लागि यस संस्थाले खेलेको भूमिका अनुकरणीय छ ।" उनले आगामी दिनमा संस्थाले वृहत्त कार्यक्रमको योजनासहित प्रस्तावना ल्याएर आएमा स्थानीय सरकारले आवश्यक सहयोग गर्न तयार रहेको बताए ।

संस्थाका सल्लाहकार बाबुराम कार्कीले संस्थाले थुप्रै आरोह अवरोह झेल्दै यो अवस्था सम्म आइपुगेको बताए । उनले सामाजिक क्षेत्रमा यस संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको स्मरण गर्दै आगामी दिनमा थप सशक्त ढंगले अगाडि बढ्न आवश्यक रहेको औल्याए । संस्थाका अध्यक्ष कृष्ण पोखरेलले आफुहरु हरेक तीन/तीन महिनामा बैंठक बसी नयाँ नयाँ योजनाहरु ल्याउने र ति योजनाहरुमा व्यापक छलफल गरेर मात्र कार्यक्रम कार्यान्वयनमा लैजाने गरेको बताए । उनले सबैको सहयोगका कारण संस्था अहिलेको अवस्थामा आएको भन्दै सहयोग गर्ने सबैलाई धन्यवाद दिए । मानवअधिकारकर्मी तथा वरिष्ठ पत्रकार भगवान भण्डारीले छोटो समयमै संस्था जिल्लामा स्थापित हुन सफल भएको बताए । उनले स्थानीय मिडिया सवलीकरण, स्थानीय सरकारलाई सुशासनमैत्री बनाउनेदेखि जिल्लाको पर्यटनको क्षेत्रमा संस्थाको योगदान महत्वपूर्ण रहेको उल्लेख गरे । उनले गरिवी निवारणका क्षेत्रमा यस्ता गैरसरकारी संस्थाहरुसँग स्थानीय सरकारले समन्वय गरेर काम गर्नुपर्ने बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, होमस्टे महासंघका केन्द्रीय उपाध्यक्ष धनिश्वर बस्याल लगायतले संस्थाले गरेका गतिविधिहरु प्रति खुलेर प्रशंसा गरे । केन्द्रका कार्यक्रम संयोजक किरण कौशलले केन्द्रले गरेका गतिविधिका विषयमा जानकारी गराएका थिए । उनले तथ्य जाँच, स्थानीय, प्रदेश सरकारले निर्माण गर्ने नीति, कार्यक्रम, योजना र कानुनका विषयमा वाचडगको रुपमा काम गर्दै आएको उल्लेख गरे । केन्द्रकी कोषाध्यक्ष बसन्ती ढकालले ८२ लाख ५० हजार ३ सय ७६ बराबरको आय व्यय प्रस्तुत गरेकी थिइन् ।

सोही अवसरमा संस्थाले तीज विशेष कार्यक्रम समेत गरेको छ । संस्थाका अध्यक्ष कृष्ण पोखरेलको अध्यक्षता, उपाध्यक्ष कृष्ण गहतराजको स्वागत, सह-सचिव विनोद भारतीको सञ्चालनमा कार्यक्रम भएको थियो । केन्द्रले लुम्बिनी प्रदेशमा मिडिया विकास र नीतिगत बहस तथा अध्ययन अनुसन्धानको क्षेत्रमा काम गर्दै आएको छ । उसले स्थानीय सरकार र प्रदेश सरकारका विषयमा जानकारी गराउन नीतिपात्रो पोर्टल समेत सञ्चालनमा ल्याएको छ । यो पोर्टले विशेषगरी स्थानीय सरकार र प्रदेश सरकारका बारेमा जानकारी लिन र नीतिदेखि बजेट कार्यक्रम लगायतका विषयमा मुद्दा र स्रोतको पहिचान गरी विस्तृत रूपमा समाचार सामग्री र अन्य अध्ययन प्रतिवेदन तयार पार्न सहयोग पुर्‍याएको छ । यसले आम जनतालाई आफ्नो समुदायमा के–कस्ता नीतिगत काम भइरहेका छन् भन्ने विषयमा पनि पोर्टलले जानकारी दिने गरेको छ ।

## खेलकुद समाचार

### लिभरपुलको विजयी शुरुआत



**काठमाडौं,** साउन ३१/इङ्गिलस प्रिमियर लिग फुटबलमा लिभरपुलले विजयी शुरुआत गरेको छ । लिगको नयाँ सिजनअन्तर्गत पहिलो खेलमा अघिल्लो संस्करणको विजेता लिभरपुलले बर्नमाउथलाई ४-२ गोलले हरायो । एनफिल्डमा भएको खेलमा लिभरपुलले खेलको पहिलो हाफमा एक र दोस्रो हाफमा तीन गोल गर्‍यो । उसका हुगो एकिटिकेले खेलको ३७ औं मिनेटमा, कोडी गाक्पोले ४९ औं मिनेटमा, फेडेरिको चिएसाले ८८ औं र इन्जुरी समयमा मोहम्मद सलाहले गोल गरे । त्यस्तै खेलको दोस्रो हाफमा बर्नमाउथले दुई गोल गर्‍यो । उसका एन्टोइन सेमेन्होले ६४ औं र ७६ औं मिनेटमा गोल गरे । विजयी शुरुआत गरेको लिभरपुलको तीन अङ्क भएको छ । यो खेलमा हालै स्पेनमा भएको कार दुर्घटनामा ज्यान गुमाएका लिभरपुलका फरवार्ड डियागो जोटा र उनका भाइ आन्द्रको सम्झनामा श्रद्धाञ्जली व्यक्त गरिएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### पेट्रोलको मूल्य बढ्यो, डिजलको घट्यो



**पाल्पा,** साउन ३०/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ । इण्डियन आयल कर्पोरेशनले पठाएको नयाँ मूल्यसूचीअनुसार शनिबारदेखि लागु हुने गरी मूल्य समायोजन गरेको हो ।

जस अन्तर्गत पेट्रोलको मूल्य बढेको छ भने डिजलको घटेको छ । पेट्रोलको मूल्य प्रतिलिटर रु दुईले वृद्धि भएको छ । यसअघि प्रतिलिटर रु १ सय ५९ मा बिक्री हुँदै आएको पेट्रोल अब भने प्रतिलिटर रु १ सय ६१ कायम गरिएको छ । नयाँ खरिद मूल्यअनुसार पेट्रोलका प्रतिलिटर दुई रुपैयाँ ३३ पैसा बढेर आएको छ भने डिजलको मूल्य प्रतिलिटर एक रुपैयाँ २७ पैसा घटेर आएको छ । निगमले तय गरेको मूल्यअनुसार पेट्रोल प्रतिलिटर १ सय ६१ रुपैयाँ र डिजल एवम् मट्टीलेत प्रतिलिटर एक सय ४९ रुपैयाँ तोकिएको छ ।

# नेपालले अंग्रेजलाई...

...उनका अनुसार पूजा तान्त्रिक विधिद्वारा मूलपुरोहितद्वारा ठिक १२ बजेको बली सहितको पूजा, बढाई आतिसबाजी, भगवतीको प्रतिमूर्ति रथमा राखिने छ ।

सचिव गंगोलले भने "१२:३० बजे मन्दिर परिसरबाट खटयात्रा ३ तीन पटक मन्दिर घुमाउने र कर्णेल पूजा गरिसकेपछि नगरपरिक्रमा गराईने छ ।" मूर्ति सहितको खट उठिसकेपछि भगवती मन्दिर परिसरलाई तीन पटक परिक्रमा सहित कर्णेल पुजा एवं बली दिइ खट यात्रा मन्दिर परिसरबाट पूर्व तर्फको मूलढोका हुदै (निशान मन्दिर) शित्तलपाटीबाट सडक ,हुलाक हुँदै गणेश मन्दिरमा परिक्रमा गरि दरवार हुँदै शित्तलपाटी भगवती टोल, बसन्तपुर चोक हुँदै कैलाशनगर चोकसम्म पुर्‍याइने उनले बताए । त्यहाँबाट सेन्ट क्यापिटानियो हुँदै शित्तलपाटी, अशनटोल, नारायण स्थान चोक पुर्‍याईने छ । त्यहाँ रथ तीन पटक परिक्रमा गरि भिमसेनटोल हुँदै नगरपालिकाबाट नेपाली सेना क्याम्प हुँदै बसपार्क आन्दोलन चोक, बडिज्ञान टोल ,हुलाक चोक, शिल्खनटोल, गौरी शंकर गेष्ठ हाउस, टक्सार हनुमान मन्दिर,गणेश मन्दिर, निशानधारा शित्तलपाटीको भिमसेन मन्दिर हुँदै मुल गेट प्रवेश गरि निशान मन्दिर हुँदै भगवती मन्दिरमा प्रवेश गरि विसर्जन हुने सचिव गंगोलले बताए । रथयात्रामा नेपाली सेना, नेपाल प्रहरी, शसत्र प्रहरी, निजामती कर्मचारी, संघसंस्थाहरुको समेत सहभागिता रहने छ । हरेक वर्ष कुमाल समुदायबाट विजयोत्सवको रथ बजार परिक्रमा गराउने परम्परा रहेको छ । भगवतीको रथको दुवैतिर तेर्साईएका दुई बलिया नोलहरुलाई काधमा बोकी जयजयकारको गुञ्जन ध्वनी र बन्दुकको बडाईका साथ मुर्तीलाई रथमा राखेर नगर परिक्रम गर्ने गरिन्छ । ऐतिहासिक महत्व बोकेको जात्राका क्रममा शान्ति सुव्यवस्था कायम गर्न जिल्लाको सुरक्षा व्यवस्था समेत कडा बनाइएको छ ।

जात्राका दिन प्रदेश सरकारले सार्वजनिक विदा समेत दिएको छ । प्रदेश सरकारले राष्ट्रिय गौरवको रुपमा रहेको भगवती जात्रालाई सार्वजनिक विदा दिने निर्णय यस अघि नै गरेको थियो ।


# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८२/०४/२८**

हेफर इन्टरनेशनल नेपालको आर्थिक सहयोग र ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाको सहजीकरणमा सञ्चालित Innovations in Agri-Livestock Value Chains परियोजना अन्तर्गत मिलनसार सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड मार्फत तानसेनमा संचालित मिलनसार तरकारी प्रशोधन केन्द्रका लागि बजार सहजकर्ता पदको आवश्यकता भएकोले रित पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**१. आवश्कता सम्वन्धी विवरण :**

**क) पद :** बजार सहजकर्ता (Market Facilitator)

**पद संख्या :** २ (दुई ) जना

**न्युनतम योग्यता र कार्यानुभव :**

- १२ कक्षा उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यानुभव भएको । तरकारी संकलन गरि तरकारीको बजारीकरण गर्न सक्ने । तरकारी संकलन केन्द्रको व्यस्थापन गर्न सक्षम भएको । सवारी साधन भएको लाई प्राथमिकता । लेखा व्यवस्थापन सँग सम्बन्धित कार्यहरु गर्न सक्ने ।

मुख्य जिम्मेबारी :

- तरकारी संकलन गरि बिक्रि गर्ने ।
- तरकारीको आय व्यय चुस्तदुरुस्त राख्ने ।
- बजार तथा ग्राहकहरुको पहिचान गर्ने ।

**२. सेवा सुविधा :** संस्थाको नियमानुसार हुनेछ ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८२/०५/१२ गते कार्यालय समय भित्र ।

**४. परिक्षाको किसिम :** लिखित, अन्तवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक

**५. आवश्यक कागजातहरू :** निवेदन, व्यक्तिगतविवरण (बायोडाटा), शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, सम्बन्धित विषयको कार्यानुभव प्रमाणित प्रतिलिपि, पासपोर्ट साईजको फोटो र अन्य आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपी स्क्यान गरी milansarsahakari65646@gmail.com मा इमेल वा मिलनसार तरकारी प्रशोधन केन्द्र होलाङ्गदी दरखास्त दिने सकिने छ । **थप जानकारीका लागि सम्पर्क नं.९८५७०६८३०२**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई